निष्पक्ष छानबिन...

पृष्ठ १ बाट क्रमशः

शान्तिसुरक्षा भंग गर्ने, अराजकता फैलाउने वा हाम्रो सदियौँ पुरानो साम्प्रतिक सद्भाव, सहिष्णुता र भाइचारा खलबल्याउने कुनै पनि क्रियाकलापप्रति सरकार पूर्ण रूपमा सचेत छ । र, यस गतिविधिमा कडा कदम चालिनेछ ।'

प्रधानमन्त्री शाहले घटना भएलगतै सबै सुरक्षा निकायहरूले तत्काल घटनास्थल पुगेर परिस्थिति सामान्य बनाउने, थप अप्रिय घटना हुन नदिने र शान्तिसुरक्षा कायम गर्ने प्रयास निरन्तर गरिरहेको बताएका छन् । 'अवस्था थप नबिग्रियोस्, कुनै पनि गलतिको जनघनको क्षति हुन नपाओस् र स्थानीयस्तरमा विश्वासको वातावरण बनोस् भन्नका लागि नेपाल सरकार निरन्तर क्रियाशील छ । परिस्थिति सामान्यीकृत गर्न केन्द्रस्तरमा सर्वदलीय बैठक आह्वान गरी गहन छलफल गरिएको छ । स्थानीय तहका जनप्रतिनिधि, नागरिक समाज, विभिन्न धार्मिक गुरुहरू, समुदायका अगुवा तथा सामाजिक व्यक्तित्वहरूसँग निरन्तर संवाद भइरहेको छ,' उनको सम्बोधनमा छ, 'स्थानीय स्थितिको प्रत्यक्ष अनुगमन गर्न, पीडित पक्षसँग संवाद गर्न र शान्तिसुरक्षालाई थप सुदृढ बनाउन गृहमन्त्री स्वयं सो स्थानमा पुगिसक्नुभएको छ । साथै, देशको समग्र शान्तिसुरक्षाको अवस्थाबारे गम्भीर समीक्षा गर्न राष्ट्रिय सुरक्षा परिषद्को बैठक बसी परिस्थितिअनुसारका आवश्यक निर्णयहरूसमेत गरिसकिएको छ ।'

प्रधानमन्त्री शाहले घटनाको निष्पक्ष र पारदर्शी छानबिन हुने र घटनामा संलग्न दोषी जोकोही भए पनि कानुनी दायरामा ल्याउने प्रतिबद्धता जनाएका छन् । उनले छानबिनका लागि गृह मन्त्रालयमातहत समिति बनाइसकेको पनि जानकारी दिएका छन् । 'घटनाको निष्पक्ष छानबिन गरी दोषीलाई कडा कानुनी कारवाही गर्न गृह मन्त्रालयले छानबिन समिति गठन गरिसकेको छ । म सबैमा विश्वास दिलाउन चाहन्छु, कि यो छानबिन पूर्ण रूपमा निष्पक्ष र पारदर्शी हुनेछ । घटनामा संलग्न दोषी जोकोही भए पनि कानुनी दायरामा ल्याउन सरकार प्रतिबद्ध छ,' प्रधानमन्त्री शाहको सम्बोधनमा छ ।

नेपालको संविधानले प्रत्येक नागरिकलाई आ-आफ्नो धर्म, संस्कृति र परम्परा मान्ने मौलिक हक प्रदान गरेको उल्लेख गर्दै शाहले संवैधानिक दायित्व निर्वाह गर्न सरकार पूर्ण रूपमा प्रतिबद्ध रहेको बताएका छन् । 'धर्म समाजलाई आपसमा जोड्ने र प्रेम बाँड्ने शक्ति हो । संसारको कुनै पनि धर्म वा संस्कृतिले हिंसा, घृणा र विभाजन सिकाउँदैन । सबै धर्मको मूल सार करुणा, दया, प्रेम र शान्ति नै हो ।' प्रधानमन्त्रीले भनेका छन्, 'देशको अन्य स्थानमा भएको अनपेक्षित र दुःखद घटनालाई लिएर कुनै सिंगो समुदायलाई आरोपित गर्नु र देशका अन्य भूभागमा समेत त्यसको प्रतिशोधको आगो फैलाउनु कुनै पनि दृष्टिकोणबाट न्यायोचित वा न्यायसंगत हुन सक्दैन ।'

प्रधानमन्त्री शाहले सबैले जिम्मेवार नागरिकको भूमिका निर्वाह गरेर परिस्थिति सहज बनाउन आह्वान गरेका छन् । 'हाम्रो इतिहास साक्षी छ– कठिनभन्दा कठिन र अप्ठ्यारो परिस्थितिमा पनि आपसी एकता, सहिष्णुता र विवेक नै हाम्रा सबैभन्दा ठूला शक्ति बनेका छन्,' उनले भनेका छन्, 'हामी सबैले जिम्मेवार नागरिकको भूमिका निर्वाह गर्दै यो सुन्दर र शान्त नेपाली आकाशमा मडारिएको अशान्तिको बादल हटाउनुपर्नेछ ।'

प्रधानमन्त्रीले घटनामा परी निधन भएका जयप्रकाश मेहता, ओमप्रकाश मेहता र गणेश यादवप्रति श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा नेपाल सरकारको तर्फबाट समवेदना व्यक्त गरेका छन् । उनले घटनामा परी घाइते नागरिकको शीघ्र स्वास्थ्यलाभको समेत कामना गरेका छन् । उनका अनुसार घाइतेहरूको उपचारमा कुनै पनि प्रकारको कमी वा ढिलाइ हुन नदिन सम्बन्धित स्वास्थ्य निकायलाई स्पष्ट निर्देशन दिइसकिएको छ ।

प्रधानमन्त्री शाहले संवेदनशील घडीमा सामाजिक सञ्जाल वा अन्य माध्यमबाट असत्य, अपुष्ट सूचना, अफवाह, घृणा फैलाउने सामग्री वा समुदायबीच वैमनस्य बढाउने अभिव्यक्ति प्रचारप्रसार नगर्न, नगराउन पनि प्रधानमन्त्रीले अनुरोध गरेका छन् ।

राष्ट्रिय सुरक्षा परिषद् बैठक
सुनसरी घटनाको समीक्षा, सबै पक्षसँग सक्रिय समन्वय गर्ने

प्रधानमन्त्री बालेन्द्र शाहले बोलाएको राष्ट्रिय सुरक्षा परिषद् बैठकमा सुनसरीमा भएको घटना र त्यसबाट सिर्जित परिस्थितिलगायत क्षेत्रीय र अन्तर्राष्ट्रिय सुरक्षा परिवेशको समीक्षा भएको छ । विशेषतः सुनसरी कन्तानगन्जमा भएजस्तो घटना हुन नदिन प्रदेश र स्थानीय सरकारसहित सरोकारवालाहरूसँग समन्वय गरेर अघि बढ्ने निर्णय भएको छ । यो राष्ट्रिय सुरक्षा परिषद्को ४३औं बैठक हो । 'यसप्रकारका घटना हुन नदिन प्रदेश र स्थानीय सरकार, सरोकारवाला पक्षसँग सक्रिय रूपमा समन्वय गरेर अघि बढ्ने निर्णय भएको छ,' बैठकपछि सुरक्षा परिषद्का सदस्यसचिव एवं क्षासचिव केदारनाथ शर्माले भने ।

प्रहरीको बिदा रोकियो

विभिन्न जिल्लामा शान्तिसुरक्षाको अवस्था बिग्रिँदै गएपछि देशभरिका प्रहरीको बिदा रोकिएको छ । अत्यावश्यकबाहेक बिदा रोकिएको केन्द्रीय प्रवक्ता डिआइजी अविनारायण काफ्लेले बताए । केही जिल्लामा नजिकका कार्यालयहरूबाट थप मद्दतमा प्रहरी पनि खटाउन थालिएको छ । आइतबार राति सुनसरीबाट सुरु भएको साम्प्रदायिक हिंसाका घटना अन्य जिल्लामा पनि फैलँदै गएपछि प्रहरीले उच्च सतर्कता अपनाउन निर्देशन दिएको छ ।

कप्तानगन्ज...

पृष्ठ १ बाट क्रमशः

सिराहा प्रहरी प्रमुख प्रहरी उपरीक्षक वासुदेव पाठकका अनुसार गोलबजारमा भएको भ्रडपमा एकजनाको मृत्यु भएको छ भने २४ जना घाइते भएका छन् । घाइतेमध्ये २२ जना सुरक्षाकर्मी रहेका छन् । उनका अनुसार दायाँ खुट्टामा गोली लागेका प्रहरी हवल्दार नारद परियारलाई थप उपचारका लागि विराटनगर रेफर गरिएको छ ।

त्यस्तै, गोली लागेर घाइते भएका धनुषाधाम नगरपालिका-७ का १५वर्षीय सुवास ठाकुरलाई थप उपचारका लागि हेलिकोप्टरबाट धरान पठाइएको स्थानीय प्रहरीले जनाएको छ । गोलबजारका ५७ वर्षीय कलाम खान कुटपिटबाट घाइते भएका हुन् । उनको घरानस्थित बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा उपचार भइरहेको छ । किशोरको मृत्यु भएपछि गोलबजारको अवस्था तनावग्रस्त बनेको छ । प्रदर्शनकारीले गोलबजारमा सिराहा सुपर मार्केटले सञ्चालन गर्दै आएको एवी मलसहित दर्जनौँ व्यक्तिका निजी घर, पसल, मोटरसाइकलमा आगजनी गरेका छन् ।

गोलबजारमा क्षेत्रका करिब एक दर्जन घर, पसलमा आगजनी भएको प्रारम्भिक विवरण प्राप्त भएको प्रहरी उपरीक्षक पाठकले बताए । 'त्यसको आर्थिक क्षतिको आर्थिक मूल्यांकन स्थलगत मुचुल्का उठाएपछि मात्र यकिन हुन सक्छ,' उनले भने । त्यस्तै, गोलबजारमा क्षेत्रमा २० वटा मोटरसाइकल, एउटा विद्युतीय टेम्पोमा पनि आगजनी भएको उनले बताए ।

सुनसरी कटनापछि सिराहाको लहान, धनगढीमाई, कसहा, गोलबजार, मिर्चैया र बन्दीपुर क्षेत्रमा हरेक दिन प्रदर्शन हुँदै आएको थियो । गोलबजारमा पनि घटना भएपछि सिराहा प्रशासनले बिहीबार साँझ ४ बजेबाट लहानमा पनि अनिश्चितकालीन कर्फ्यु आदेश जारी गरेको छ । गोलबजारमा घटनाअघि दिउँसो २ बजेबाट लागेको कर्फ्यु कायमै छ ।

देवानगन्जका अर्का घाइतेको पनि मृत्यु

आइतबारको भ्रडपमा सुनसरी देवानगन्जका २४ वर्षीय ओमप्रकाश मेहताको ज्यान गएको थियो । उक्त घटनामा २४ जना घाइते भएका थिए । तीमध्येका २२ वर्षीय जयप्रकाश मेहताको उपचारका क्रममा बिहीबार विराटनगरमा ज्यान गएको छ ।

मधेश सरकारले भन्यो- सामाजिक सद्भाव र भाइचारा कायम राखौँ

मधेश प्रदेश सरकारले संयमता अपनाउदै सहिष्णुता र आपसी सद्भावलाई प्राथमिकतामा राख्न आग्रह गरेको छ । मधेशमा पनि प्रदर्शन बढ्न थालेपछि मुख्यमन्त्री कृष्णप्रसाद यादवले घटना अत्यन्त दुःखद र खेदजनक रहेको बताउँदै सबैले सामाजिक सद्भाव र भाइचारालाई कायम राख्न अनुरोध गरेका हुन् । 'घटनामा संलग्न दोषीमाथि छानबिन गरी कानुनबमोजिम सजाय त हुन्ड नै । अहिलेको मुख्य दायित्व नागरिकको जिउधनको सुरक्षा गर्नु हो । त्यसका लागि सबै जुटौं,' नर्यां पत्रिकासँग कुरा गर्दै मुख्यमन्त्री यादवले भने । घाइतेको उपचारका लागि प्रदेश सरकारले पहल र सहयोग गर्ने बताउँदै उनले मृतकका परिवारलाई राहतका निर्णय हुने बताए ।

मधेश प्रदेश प्रमुख डा. सुरेन्द्र लाभ कर्णले पछिल्ला घटनापछि प्रदेशका विभिन्न जिल्लामा उत्पन्न तनावपूर्ण अवस्थाप्रति चिन्ता व्यक्त गर्दै सामाजिक सद्भाव, शान्ति र आपसी भाइचारा कायम राख्न सबैसँग हार्दिक अपिल गरेका छन् । अपिल जारी गर्दै कर्णले मधेश प्रदेश विभिन्न आस्था, संस्कृति र परम्पराको साझा थलो भएकाले क्षणिक तनाव वा गलत बुझाइका कारण बर्वैदिखि कायम रहेको आपसी विश्वास र सहअस्तित्वमा आँच आउन नदिन आग्रह गरेका हुन् ।

धनुषा र वीरगन्जमा पनि निरन्तर प्रदर्शन

धनुषाको जनकपुरधाम र पर्साको वीरगन्जमा पनि बिहीबार विरोध प्रदर्शन गर्दै बजार बन्द गराएका छन् । प्रदर्शन बढेपछि जिल्ला प्रशासन कार्यालय धनुषाले बिहीबार दिउँसो साढे ३ बजेबाट जनकपुरधाममा अनिश्चितकालीन कर्फ्यु जारी गरेको छ ।

वीरगन्जमा भने निषेधाज्ञाको उल्लंघन गर्दै बिहीबार साँझ जुलुस प्रदर्शन भएको छ । जिल्ला प्रशासन कार्यालय पर्साले वीरगन्ज महानगरपालिकामा बिहीबार साँझ ६ बजेदेखि शुक्रबार बिहान ६ बजेसम्मका लागि निषेधाज्ञा लागू गरेको छ । तर, प्रदर्शनकारीले निषेधाज्ञाकै बिच नगर परिक्रमा गर्दै विरोध प्रदर्शन गरेका छन् ।

पर्साका प्रमुख जिल्ला अधिकारी भोला दाहालले संवेदनशील अवस्थालाई मध्यनजर गर्दै उच्च सतर्कता अपनाइएको बताए । धार्मिक वा सामाजिक द्वेष फैलाउने, भ्रामक समाचार, अफवाह, फोटो वा भिडियो पोस्ट, सेयर वा प्रचारप्रसार नगर्न पनि उनले अनुरोध गरे ।

जनकपुरधाम बजारमा दिनभर प्रदर्शन रह्यो । बजार बन्द गराउने क्रममा केही पसलमा तोडफोड भएको छ । रामानन्द चोकमा सडक अवरुद्ध गर्दै चक्काजाम गरिएको थियो । प्रदर्शनका क्रममा जनकपुरधाम- ८ मा प्रहरी र प्रदर्शनकारीबिच झडप हुँदा जनकपुधाम उपमहानगरपालिका-७ का १२ वर्षीय बालक आनन्द दास घाइते भएका हुन् । गम्भीर चोट लागेका उनलाई थप उपचारका लागि काठमाडौं पठाइएको छ । कर्फ्यु जारी गरिए पनि स्थिति नियन्त्रणमा आउन नसकेपछि स्थानीय प्रशासनले सेना पनि परिचालन गरेको छ ।

मृतकका परिवारलाई १० लाख राहत दिने देवानगन्ज गाउँपालिकाको निर्णय

सहिद घोषणाका लागि सरकारलाई सिफारिस

देवानगन्ज गाउँपालिकाले गत आइतबार कन्तानगन्जमा भएको घटनामा ज्यान गुमाएका दुई युवाका परिवारलाई राहत दिने निर्णय गरेको छ । त्यस्तै, सहिद घोषणाका लागि सरकारलाई सिफारिस गर्ने निर्णय पनि कार्यपालिका बैठकले गरेको छ ।

दुई समूहबिच भएको भ्रडपमा प्रहरीको गोली लागेर ज्यान गुमाएका स्थानीय २४ वर्षीय ओमप्रकाश मेहता र २२ वर्षीय जयप्रकाश मेहतालाई सहिद घोषणाको सिफारिस गर्दै परिवालाई १०-१० लाख रुपैयाँ राहत उपलब्ध गराउने देवानगन्ज गाउँपालिका अध्यक्ष बेचनप्रसाद मेहताले बताए । ओमप्रकाशको गत आइतबार नै र जयप्रकाशको उपचारका क्रममा बिहीबार विराटनगरमा ज्यान गएको हो ।

उनका अनुसार कार्यपालिका बैठकले मृतकका परिवारलाई प्रतिपरिवार १० लाख रुपैयाँ, गोली लागेर पूर्ण अशक्त तथा अतिअशक्त अपांगता भएका व्यक्तिलाई प्रतिव्यक्ति दुई लाख रुपैयाँ र मध्यम तथा सामान्य अपांगता भएका व्यक्तिलाई प्रतिव्यक्ति ५० हजार रुपैयाँ आर्थिक सहायता प्रदान गर्ने निर्णय गरेको छ । कोशी प्रदेश सरकारले बुधबार घटनामा ज्यान गुमाउनेका परिवारलाई दुई लाख रुपैयाँ तथा घर, पसल साथै अन्य आगजनीपीडित परिवार तथा घाइतेलाई ५० हजारका दरले राहत दिइने निर्णय गरेको थियो ।

त्यस्तै, घटनापछि उत्पन्न परिस्थितिबारे स्थानीय जनगुनासोलाई सम्बोधन गर्न वडा नम्बर ३ का ज्येष्ठ वडासदस्य रामबहादुर महतोलाई कार्यवाहक वडाध्यक्षको जिम्मेवारी दिने निर्णय पनि बैठकले गरेको छ ।

सद्भाव...

पृष्ठ १ बाट क्रमशः

पक्ष रहेको बताइन् । 'जोकोहीले पनि संयमता अपनाउनुपर्छ । आपसी सद्भाव कायम गर्नुपर्छ । धर्मका नाममा हुने कुनै पनि राजनीति मान्दु हुँदैन,' उनले भनेकी छिन्, 'यसमा सरकार, नागरिक समाज, राजनीतिक दल, धार्मिक संघसंस्था, पत्रकारिता जगत् बुद्धिमतापूर्ण ढंगले अघि बढ्नुपर्छ ।'

मुस्लिम आयोगले पनि तराई-मधेशका केही स्थानहरूमा सामाजिक एवं धार्मिक सहिष्णुतामा खलल पार्ने क्रियाकलाप भइरहेकामा दुःख व्यक्त गरेको छ । बिहीबार प्रेस विज्ञप्ति सार्वजनिक गर्दै आयोगले सबैलाई आपसी सद्भाव कायम राख्न अपिल गरेको छ । विज्ञप्तिमा भनिएको छ, 'नेपाली समाज सदियौँदेखि आपसी सद्भाव, सहिष्णुता र एक-अर्काप्रति सम्मान व्यक्त गर्दै विभिन्न जातजाति, भाषाभाषी, धर्म-संस्कृति एवं समप्रदाय एक-आपसमा मिलेर बसेको समाज हो, तर केही समयदेखि तराई-मधेशका केही स्थानहरूमा सामाजिक एवं धार्मिक सहिष्णुतामा खलल पार्ने क्रियाकलाप भइरहेकामा दुःख व्यक्त गरेको छ । बिहीबार प्रेस विज्ञप्ति सार्वजनिक गर्दै आयोगले सबैलाई आपसी सद्भाव कायम राख्न आह्वान गरेको छ ।

धार्मिक सद्भाव कायम राख्ने सवालमा बौद्ध धर्मगुरुहरूले पनि सक्रियता देखाएका हुन् । तराईका जिल्लाहरूमा भड्किएको हिंसा दुःखद रहेको भन्दै यसवेला सबैले संयमता अपनाउन जरुरी रहेको उनीहरूको भनाइ छ । बौद्ध धर्मगुरु तथा नेपाल तामाङ लामा धेदुङका अध्यक्ष पाल्देन गुरुले धर्मका नामामा द्वन्द्व निम्तनु ठिक नभएको बताए ।

तराईमा भड्किएको धार्मिक ढंगा निय्रन्त्रणमा राष्ट्रिय खिष्टियन महासंघ नेपालले पनि चासो व्यक्त गरेको छ । असले विज्ञप्ति सार्वजनिक गर्दै सबै पक्षलाई संयम अपनाउन, कानुनको सम्मान गर्न, शान्तिपूर्ण ढंगले आफ्नो धार्मिक आस्था र अभ्यास गर्न तथा आपसी सद्भाव कायम राख्न आह्वान गरेको छ ।

राष्ट्रपति, पूर्वराष्ट्रपति, दलका शीर्ष नेतादेखि पूर्वराजासम्मको अपिल

राष्ट्रपति रामचन्द्र पौडेलले विषम परिस्थितिप्रति चिन्ता व्यक्त गर्दै सदियौँदेखि रहिआएको सामाजिक, धार्मिक, जातीय सद्भाव, सहिष्णुता, मेलमिलाप, भ्रातृत्व र राष्ट्रिय एकता कायम राख्न अपिल गरेका छन् । 'सदियौँदेखि रहिआएको सामाजिक, धार्मिक, जातीय सद्भाव, सहिष्णुता, मेलमिलाप र भ्रातृत्व नै नेपालको पहिचान र परम्परा हो । यसलाई कायम राख्दै शान्ति, अमनचयन र सुव्यवस्था कायम गरी राष्ट्रिय एकता मजबुत बनाउन म सबै राजनीतिक दल, नागरिक समाज तथा सम्पूर्ण नेपाली दिदीबहिनी तथा दाजुभाइहरूलाई आग्रह गर्दछु,' बिहीबार अपिल जारी गर्दै पौडेलले भनेका छन् ।

पौडेलले अहिले उत्पन्न विषम परिस्थितिलाई यथाशीघ्र सामान्य बनाउन, शान्ति सुव्यवस्थालाई पूर्ववत् अवस्थामा ल्याई नागरिकको शान्तिपूर्ण जीवनयापन गर्ने वातावरण कायम गर्न हरसम्भव प्रयासमा सरकार लाग्ने विश्वास व्यक्त गरेका छन् । 'यो कठिन अवस्थामा स्थिति थप जटिल बन्न नदिई समुदायमा एकता, आपसी सद्भाव, मित्रता र सहिष्णुता कायम गर्न म सबैलाई हार्दिक अपिल गर्दछु,' पौडेलको अपिलमा छ । उनले घटनाको सत्यतथ्य छानबिन गरी दोषीउपर कडा कारवाही गर्न र आगामी दिनमा यस्ता घटना दोहोरिन नदिनेतर्फ सरोकारवाला सबैलाई सचेत हुन पनि आग्रह गरेका हुन् । पौडेलले ज्यान गुमाउनेप्रति श्रद्धाञ्जली प्रकट गर्दै शोकाकुल परिवारजनमा गहिरो समवेदना व्यक्त गर्दै घाइतेहरूको शीघ्र स्वास्थ्यलाभको कामना गरेका छन् ।

पूर्वराष्ट्रपति विद्यादेवी भण्डारीले तराई क्षेत्रमा फैलिएको सामुदायिक तनावको संवेदनशील परिस्थितिमा उच्च संयमता अपनाउन र सामाजिक सद्भाव खलबल्याउने गतिविधिबाट टाढा रहन आग्रह गरेकी छिन् । 'वर्तमान संवेदनशील परिस्थितिमा सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूलाई उच्च संयमता अपनाउन, कुनै पनि प्रकारका अफवाह, घृणात्मक अभिव्यक्ति तथा सामाजिक सद्भाव खलबल्याउने गतिविधिबाट टाढा रहन हार्दिक आग्रह गर्दछु,' बिहीबार विज्ञप्तिमार्फत अपिल गर्दै पूर्वराष्ट्रपति भण्डारीले भनेकी छिन् ।

कुनै एक घटनालाई आधार बनाएर कुनै पनि सम्पूर्ण समुदायप्रति अविश्वास, द्वेष वा प्रतिशोधको भावना राख्दु राष्ट्रिय हित, सामाजिक संस्कार तथा लोकतान्त्रिक मूल्यमान्यतानुकूल हुन नसक्नेतर्फ उनले देशवासीलाई सचेत गराएकी छिन् । त्यस्तै, घटनाको निष्पक्ष छानबिन गरी शान्तिसुरक्षा पुनर्स्थापित गर्न कदम चाल्न सरकारलाई भण्डारीले आग्रह गरेकी छिन् । 'नेपाल सरकार, सम्बन्धित प्रशासनिक निकाय तथा सुरक्षा निकायलाई घटनाको निष्पक्ष, पारदर्शी र विश्वसनीय छानबिन गरी दोषीलाई कानुनबमोजिम कारवाही गर्न, पीडितलाई न्याय सुनिश्चित गर्न तथा प्रभावित क्षेत्रमा शान्ति, सुरक्षा र नागरिकरूको विश्वास पुनर्स्थापित गर्न आवश्यक सबै कदम चाल्न आग्रह गर्दछु' विज्ञप्तिमा छ ।

नेपालको संविधानले प्रत्येक नागरिकलाई धर्म, संस्कृति र परम्पराको स्वतन्त्रतापूर्वक अभ्यास गर्ने मौलिक अधिकार सुनिश्चित गरेकाले सबैको आस्था, संस्कृति र अधिकारप्रति सम्मान प्रकट गर्नु सबैको दयित्व भएको पूर्वराष्ट्रपति भण्डारीको भनाइ छ ।

पूर्वप्रधानमन्त्री शेरबहादुर देउवाले सामाजिक सद्भाव कायम राख्दै सहकार्य, एकता र शान्तिको आदर्शलाई अनुसरण गर्न अनुरोध गरेका छन् । 'केही दिनदेखि तराईका विभिन्न क्षेत्रमा देखिएका गतिविधिप्रति मेरो गम्भीर ध्यानाकर्षण भएको छ । हामी नेपालीहरूको विशेषता भनेको एकअर्कालाई सहअस्तित्वलाई स्वीकार गर्दै आपसी सद्भाव, एकता र सहकार्यलाई कायम राख्नु हो,' उनले भनेका छन्, 'म सम्पूर्ण दाजुभाइ तथा दिदीबहिनीहरूमा सामाजिक सद्भाव कायम राख्दै सहकार्य, एकता र शान्तिको आदर्शलाई अनुसरण गर्न हार्दिक अनुरोध गर्दछु । साथै, हिंसा थप भड्किन नदिन सरकारलाई सबै राजनीतिक दलहरूसँग सहकार्य गर्दै तत्काल आवश्यक पहल तथा प्रभावकारी कदम चाल्न अनुरोध गर्दछु ।' देउवाले घटनामा निधन भएकाहरूप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनप्रति गहिरो समवेदना व्यक्त गरेका छन् । साथै, उनले घाइतेहरूको शीघ्र स्वास्थ्यलाभको कामना गरेका छन् ।

पूर्वी तराईमा उत्पन्न परिस्थितिप्रति चिन्ता जनाउँदै पूर्वराजा ज्ञानेन्द्र शाहले एकतामा खलल पार्ने काम नगरी मिलेर बस्न आह्वान गरेका छन् । बिहीबार जारी सन्देशमा पूर्वराजा शाहले नेपाली समाज बहुजातीय र बहुभाषिक रहेको, धर्म, संस्कृति र रितिथिति अलग-अलग भएको उल्लेख गर्दै सामञ्जस्य रहेको देशमा तनाव देखिनु चिन्ताको विषय भएको उल्लेख गरेका छन् । 'केही दिनअगाडि सुनसरी जिल्लाको केही गाउँबस्तीमा भड्किएको आपसी द्वन्द्व र विवादबाट जनधनको क्षति भएको र यसको असर फैलिँदै गएर कोशी क्षेत्र र तराइका विभिन्न भूभागको जनजीवन अशान्त बनेको सुन्दा हामीलाई अत्यन्त दुःख लागेको छ,' उनको सन्देशमा छ, 'समाजका सबै समुदायमा सामन्जस्य रहेको देशका रूपमा सुरक्षित नेपालमा यस प्रकारका अवाञ्छित घटना, दुर्घटना घट्दु चिन्ताको विषय हो । यो हाम्रो मौलिक मूल्य र मान्यताविपरीतको विषय हो । त्यसैले जुनसुकै भू-भागमा रहे, बसेका जोकोही पनि हामी नेपाली मिल्नौं । हाम्रो यही आग्रह छ । यही आजको आवश्यकता हो ।'

घटनाको निष्पक्ष छानबिन गर्न मधेशकेन्द्रित दलहरूको माग

मधेशकेन्द्रित विभिन्न दलले घटनाको निष्पक्ष छानबिन, पीडितलाई न्याय र सामाजिक सद्भाव कायम गर्न अपिल गरेका छन् । जसपा नेपालका महन्थ ठाकुर, राष्ट्रिय जनमुक्ति पार्टीका राजेन्द्र महतो, जनमत पार्टीका जयकान्त राउत, राष्ट्रिय निर्माण दलका समिम अन्सारी तथा संविधानसभा सदस्य रामकुमार शर्माले बिहीबार संयुक्त वक्तव्य जारी गर्दै सबैसँग संयम, धैर्य र सामाजिक सद्भाव कायम राख्न अपिल गरेका छन् । मधेश जलिरहँदा पनि प्रधानमन्त्री मौन रहनु र गृहमन्त्रीको गतिविधि शंकास्पद देखिएकाले पनि घटना ञ्झ हुँदै गएको उनीहरूको भनाइ छ । उनीहरूले घटनामा मृत्यु भएका व्यक्तिलाई राज्यले अविलम्ब सहिद घोषणा गरी उचित क्षतिपूर्ति, परिवारको दीर्घकालीन जीविकोपार्जनका लागि रोजगारीको सुनिश्चितता तथा आवश्यक सामाजिक सुरक्षा उपलब्ध गराउन माग गरेका हुन् । अपिलमा साम्प्रदायिक सद्भावमा आँच पुग्न नदिन सबै राजनीतिक दल, नागरिक समाज, धार्मिक अगुवा तथा समुदायका नेतृत्ववादी व्यक्तित्वहरूसँग सहिष्णुता, भ्रातृत्व र शान्ति कायम गर्न सरकारलाई समन्वयात्मक पहलको आग्रहसमेत गरिएको छ ।

'सम्पूर्ण घटनाको सत्यतथ्य उजागर गर्न सर्वोच्च अदालतका अवकाशप्राप्त न्यायाधीशको नेतृत्वमा उच्चस्तरीय न्यायिक छानबिन समिति गठन गरी यसको प्रतिवेदन सार्वजनिक गरियोस्, वक्तव्यमा भनिएको छ, 'घटनामा कुनै बाह्य तत्व, रोहिंगिया वा अन्य कुनै संगठित समूहको संलग्नता रहेको वा नरहेको विषय तथ्यका आधार स्पष्ट गर्न स्वतन्त्र र निष्पक्ष अनुसन्धान गरियोस्, ताकि अफवाह होइन, सत्य स्थापित होस् । कुनै पनि अफवाह, घृणा वा उत्तेजनाले समाजलाई थप विभाजित बनाउने भएकाले सबै सत्य र कानुनको पक्षमा अभिन अावश्यक छ ।'

सबै घटनाको नैतिक जिम्मेवारी गृहमन्त्रीले लिँदै दमनमा संलग्न भएको आरोप लागेका प्रहरी तथा प्रशासनिक अधिकारीहरूलाई अनुसन्धान अवधिसम्म निलम्बन गरी सुरक्षा व्यवस्थामा भएको सम्भावित कमजोरी तथा बल प्रयोगको औचित्यमाथि निष्पक्ष छानबिन गर्न पनि माग गरिएको छ । पछिल्ला दिनहरूमा मधेशका विभिन्न क्षेत्रमा दोहोरिँदै आएका तनावपूर्ण घटनारूले मधेशलाई योजनाबद्ध रूपमा अस्थिर बनाउने प्रयास भइरहेको हो कि भन्ने गम्भीर आशंका जनमानसमा बढेको भन्दै उनीहरूले यस विषयमा पनि राज्यले निष्पक्ष अनुसन्धान गरी सत्य सार्वजनिक गर्नुपर्नेमा जोड दिएका छन् । 'हामी स्पष्ट रूपमा विश्वास गर्दछौं कि न्यायविना शान्ति सम्भव छैन र निष्पक्ष छानबिनविना विश्वास पुनर्स्थापित हुन सक्दैन । त्यसैले सरकारले कुनै पनि प्रकारको पक्षपात नगरी सत्य न्याय र उत्तरदायित्वको मार्ग अवलम्बन गर्दै पीडितलाई न्याय दिलाउन र भविष्यमा यस्ता घटना दोहोरिन नदिने ठोस कदम चाल्नुपर्छ,' वक्तव्यमा भनिएको छ ।

रात्रिकालीन...

पृष्ठ १ बाट क्रमशः

कहिले हिँडेर ओहोरदोहोर गर्थे, रातिको समयमा हिँड्दा डर पनि लाग्थ्यो, तर अहिले साझा बसमा सरर यात्रा गर्न पाइएको छ ।'

लगनखेलस्थित एक क्लिनिकमा काम गर्ने सुरेश माझीलाई कामबाट निस्कँदा १० बज्ञ । उनको घर बुढानीलकण्ठमा हो । रात्रिकालीन बस नपाउँदा उनी सेयर राइडिङकै भर पर्थे । अब भने उनलाई राति ढिलो भए पनि चिन्ता छैन, २५ रुपैयाँ तिरेपछि उनी लगनखेलबाट बुढानीलकण्ठ पुछ्न्ड । 'रात्रिकालीन बसले ढिलो गर्दैन, धेरैबेर रोक्दैन, यहाँबाट आधा घण्टामा त बुढानीलकण्ठ पुछ्ड, राजिबसले मलाईचाहिँ साह्रै सजिलो भएको छ,' उनले सुनाए, 'अरू यात्रुहरूलाई पनि सजिलो भएको छ, यस्तो बससेवा अझ थप्नुपर्छ ।'

तीन महिनाअघिसम्म यस्तै बाध्यता थियो महाराजगन्ज क्षेत्रमा तरकारी पसल सञ्चालन गर्ने नेत्रद्र बस्नेतलाई । वैशाखदेखि सुरु भएको राजिबसका कारण उनले राति ढिलोसम्म पसल खोल्न पाएका छन् । पसल ढिलोसम्म खोल्दा व्यापार पनि बढ्दो हुन्छ । 'पहिले ह्रिटोछिटो पसल बन्द गरेर हिँड्नुपर्ने थियो, त्यसैमा पनि भरोसा थिएन, अबचाहिँ निकै सजिलो भएको छ,' उनले सुनाए, 'राति ढिलोसम्म पसल खोल्दा सामान धेरै बेच्न पाइन्ड, महानगर र साझा यातायातलाई धेरै धन्यवाद दिन चाहन्छु ।'

काठमाडौंमा साँझ पर्दै जाँदा सहरको चहलपहल बिस्तारै सेलाउँदै जान्छ । कार्यालयबाट घर फर्किन मानिसको भिड घट्न थाल्छ, पसलका सटर बन्द हुन थाल्छन् र सडकमा सार्वजनिक सवारीसाधन पनि क्रमशः पातलिन्छन् । तर, सहरको गति भने त्यतिबै रोकिँदैन । अस्पतालका स्वास्थ्यकर्मी, होटेल-रेस्टुरेन्टका कर्मचारी, सुरक्षागार्ड, पसल तथा व्यवसाय सञ्चालन गर्नेहरू वा औद्योगिक तथा सेवा क्षेत्रमा कार्यरत श्रमिकलगात हजारौं मानिसका लागि रात अबेरसम्म कामकै व्यस्तता हुन्छ । काम सकिएपछि सुरक्षित र सहज रूपमा घर कसरी पुगे भन्ने यिनै मानिसहरूको चिन्ता रात्रिकालीन साझा बससेवाले हल गरेको छ । जब कि यस्तो सेवा नहुँदा कतिपयले सुनसान सडकमा लामो दूरी पैदल हिँडेर घर पुगुर्पर्ने जोखिम मोल्दन् । धेरैले सार्वजनिक यातायात नपाइने डरले काम नसकिँदै कार्यालय वा कार्यस्थल छाड्दछ् ।

रात्रिकालीन साझा बसका चालक सुर्यबहादुर योञ्जनले राति बस चलाउँदा यात्रुहरूलाई राहत मिलेको अनुभव सुनाए । उनी एयरपोर्टदेखि बानेश्वर र कलंकी बस चलाउँडन् । 'बस चलाउने समय ८ बजेदेखि ११ बजेसम्म थप गर्न कतिपय यात्रुहरूलाई असहज भएको छ भने गन्तव्यमा पुऱ्याउँडौं,' उनले भने, 'राति भेटिने यात्रुहरूले उपलब्धिमूलक भएको भनेर सुनाउनुहुन्ड, यात्रुहरू खुसी हुँदा हामी खुसी हुन्छौं ।'

उनका अनुसार रातिको समयमा बस चलाउनु दिउँसोको भन्दा सुरक्षाको हिसाबले बढी सवेदनशील हुन्छ । त्यसका लागि बसमा दुवैतर्फ सिसिटिभी जडान गरिएको छ । त्यस्तै, रात्रिकालीन बसलाई जिपिएस सिस्टमबाट पनि पछ्याउन सकिन्छ । साझा प्लस एसबाट बस कहाँ-कहाँ आइपुगेको छ भनेर थाहा हुन्छ । सुरुवातमा बसमा सुरक्षाका लागि काठमाडौं महानगरपालिकाका नगर प्रहरीसमेत राखिएको थियो । तर, त्रिपुरेश्वरमा भएको आत्मदाहको घटनापछि नगर प्रहरी खटाउन छाडिएको छ ।

काठमाडौं महानगरपालिका र साझा यातायातको समन्वयमा १ वैशाखदेखि सञ्चालन गरिएका बसमध्ये लगनखेल-बुढानीलकण्ठ रुटमा तीनवटा गुड्छन् ।